
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २४ गते बिहीबार ❑ 10 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नेपाल समावेशी लोकतन्त्र संस्थागत गर्ने मार्गमा छः राष्ट्रपति

**रासस**
**काठमाडौं, २३ कार्तिक**

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल मानव अधिकार, समानता, भेदभावरहित, रुपान्तरणका सिद्धान्त आत्मसात् गरिएको समावेशी लोकतन्त्र संस्थागत गर्ने मार्गमा रहेको बताउनुभएको छ ।

गणतन्त्र आइसल्याण्डको राजधानी रेक्याभिकमा आयोजना भएको रेक्याभिक ग्लोबल फोरम (वुमन लिडर्स) मा विशेष सम्बोधन गर्नुहुँदै राष्ट्रपति भण्डारीले समानता र न्यायपूर्ण समाजको निर्माणका लागि शिक्षा, सार्वजनिक स्वास्थ्य, रोजगारी तथा समावेशी सामाजिक, राजनीतिक प्रबन्धमा लगानी गरिरहेको जनाउनुभएको हो ।

महिला नेतृत्वको विश्वव्यापी मञ्चमा आमन्त्रित गर्नुभएकामा आयोजकलाई धन्यवाद व्यक्त गर्नुहुँदै राष्ट्रपति भण्डारीले नेपालदेखि आइसल्याण्डसम्मको यात्राले हामीलाई 'तेस्रो ध्रुव'देखि उत्तरी ध्रुवसम्म जोडेको उल्लेख गर्नुभयो । उहाँले भगवान् गौतम बुद्ध र सगरमाथाको देशबाट नेपाली जनताको न्यानो सद्भाव लिएर आएको जनाउनुभयो ।

राष्ट्रपति भण्डारीले भन्नुभयो, "विश्व महिला राजनीतिक नेतृत्व मञ्चले 'सञ्चार, सम्बन्ध र समुदाय'को बहुआयामिक प्रयासबाट लैङ्गिक समानताको नयाँ बाटो तय गर्ने लक्ष्य लिएको छ । समानता, आवाज, प्रतिनिधित्व र सहभागिताका लागि हामीले गरेको लामो सङ्घर्षका उपलब्धि एकआपसमा साट्ने उत्सवका रूपमा पनि हामीले यस फोरमलाई लिएका छौँ ।" विशिष्ट वक्ताका रूपमा सम्बोधन गर्नुहुँदै राष्ट्रपति भण्डारीले विश्वले कैयन चुनौती सामना गर्नुपरेका सन्दर्भमा महिलाको दृष्टिकोण निर्णय प्रक्रियाको अग्रपङ्क्तिमा मुखरित हुनु अपरिहार्य बनेको उल्लेख गर्नुभयो । कुनै पनि सङ्कटले आमा, पत्नी र छोरीलाई नै सबैभन्दा बढी प्रभावित पार्ने भन्दै उहाँले दक्षिणका मुलुकको अवस्थाले यसलाई अझ स्पष्ट पारेको जनाउनुभयो । राष्ट्रपति भण्डारीले हालैको विश्वव्यापी कोभिड-१९ महामारीले सीमान्तकृत समुदाय नै सङ्कटको समयमा बढी जोखिममा पर्ने वास्तविकतालाई उजागर गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको असर पनि योभन्दा फरक छैन । जलवायु परिवर्तन आज हाम्रो अस्तित्वलाई नै सङ्कट ल्याउने कारक बन्दै गएको छ ।" राष्ट्रपति भण्डारीले नेपालमा जलवायु परिवर्तनको असर हरेक वर्ष बढ्दो र झन् विनाशकारी हुँदै गएको अनुभव गरेको सुनाउनुभयो । उहाँले जलवायु परिवर्तनका कारण हिमनदी सुक्दै गइरहेको तथा हिमालयमा सधैँ महिना जमिरहने हिउँ पग्लिरहेका कारण लाखौँ मानिसको जनजीविका जोखिममा परेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "अनपेक्षित मौसमी घटनामा वृद्धि भई अर्थतन्त्र, पारिस्थितिकीय प्रणाली तथा मानव जीवनमा गम्भीर क्षति पुगिरहेको छ ।" नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुकमध्येमा पर्ने उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, "हामीसँग सो जोखिमको सामना गर्न स्रोत, साधन र क्षमताको अभाव पनि उत्तिकै टड्कारो रूपमा रहेको छ ।" नेपाल हरितगृह ग्यास उत्सर्जन गर्ने राष्ट्रमा नपर्ने तर जलवायु परिवर्तनबाट अत्यन्त नकारात्मकरूपले प्रभावित बनेको उल्लेख गर्दै उहाँले तथापि जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण अभियानमा हाम्रो उच्च प्रतिबद्धता रहेको स्पष्ट पार्नुभयो । राष्ट्रपति भण्डारीले भन्नुभयो, "हामी पेरिस सम्झौता कार्यान्वयन गर्न दृढ छौँ र सन् २०४५ सम्म सापेक्षिक शून्य उत्सर्जनमा पुग्ने लक्ष्य लिएका छौँ । यी उद्देश्य प्राप्त गर्न स्रोतसाधन, प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धिका लागि छरितो तथा पारदर्शी संयन्त्र निर्माण गर्न हामी विश्वसमुदायलाई आह्वान गर्दछौँ ।"

सम्मेलनमा राष्ट्रपति भण्डारीले भन्नुभयो, "नेपालमा सङ्घीय तथा प्रादेशिक विधायिकामा महिलाको एक तिहाइ प्रतिनिधित्व सुनिश्चित गरिएको सुदृढ संवैधानिक आधारशिला रहेको छ ।" हालसालै सम्पन्न स्थानीय सरकारको निर्वाचनमा ४१ प्रतिशत राजनीतिक पदमा महिला निर्वाचित भएको उदाहरण दिनुहुँदै उहाँले निजामती सेवा, सुरक्षा निकाय, सरकारी तथा निजी संस्थान जस्ता क्षेत्रमा महिलाको सहभागिता तथा प्रतिनिधित्वमा अभिवृद्धि भइरहेको जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "तथापि राष्ट्रिय जीवनमा पूर्ण लैङ्गिक समानताको लक्ष्य हासिल गर्ने हाम्रो लामो यात्रा अझै जारी छ । सबै प्रकारका लैङ्गिक हिंसा, पूर्वाग्रह, तथा कुरीतिविरुद्धको लडाईं जित्न बाँकी नै रहेको छ । यस अभियानमा हाम्रो प्रतिबद्धता अटल र प्रयास इमान्दार रहेको छ ।" फोरमलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति भण्डारीले गरिबी, अल्पविकास तथा वञ्चितीकरणका कारण कष्ट झेलिरहेका महिलालाई स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, "आफ्नो र आफ्नो सन्ततिको जीवन सुधार गर्न कैयन बिघ्नबाधा तथा अड्चनसँग जुधिरहेका महिलालाई सम्झिरहेको छु ।"

सम्मेलनमा विभिन्न पुस्ताका नेपाली विराङ्गनाको प्रतिनिधित्व गर्न पाउँदा आफूले गौरवान्वित महसुस गरेको उल्लेख गर्नुहुँदै उहाँले महिला र पुरुषबीचको समान हैसियत हुने समावेशी समाज निर्माण गरी विश्वका चुनौती सामना गर्ने यस सामूहिक अभियानमा सम्मिलित हुन पाउँदा सम्मानित महसुस गरेको जनाउनुभयो ।

## आचारसंहिता विपरीत गतिविधि नगर्न निर्वाचन कार्यालयको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिता विपरीतका गतिविधि गरेका पाइएको छ ।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारंहिता पूर्णपालना गर्ने प्रतिबद्धता जनाए पनि अनुगमनका क्रममा आचारसंहिता विपरीत प्रचारप्रसार गरेको पाइएको छ ।

प्रदेश निर्वाचन कार्यालय पोखराले जिल्लाका तीन वटै निर्वाचन क्षेत्रमा आचारसंहिता अनुगमन गर्दा आचारसंहिताको पालनामा दलहरू र उम्मेदवार गम्भिर नभएको प्रदेश निर्वाचन अधिकारी हुमनाथ पराजुलीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभिन्न राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा प्रयोग गरेको सवारी साधन सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा अनुमति नलिइकन प्रयोग गरेको, सवारी साधनमा ब्यानर, फ्लेक्स बोर्ड, लोगो, निर्वाचन चिन्हको स्टिकर तथा साउण्ड सिस्टम प्रयोग गरेको, पोल तथा सार्वजनिकस्थलमा फ्लेक्स बोर्ड राख्ने लगायतका आचारसंहिता विपरीतका गतिविधि पाइएको छ । पराजुलीले भन्नुभयो, "निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा कार्यान्वयनका लागि विभिन्न संयन्त्रमार्फत गहनरूपमा अनुगमन भइरहेको छ । आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दल तथा उम्मेदवारलाई सो कार्य नगर्न प्रत्यक्ष कुराकानी र टेलिफोनबाट निर्देशन दिएका छौँ ।" निर्वाचन कार्यालयका अनुसार अर्को पटकका लागि सो कार्य नदोहोराउन, निर्वाचन आचारसंहिता पूर्ण पालना गर्न र आचारसंहिता विपरीत प्रयोग भएका सामग्री हटाउन राजनीतिक दल तथा उम्मेदवारलाई सजग गराएको छ ।

कार्यालयले आगामी दिनमा आचारसंहिता विपरीतका कार्य दोहोरिएमा प्रचारप्रसारमा प्रयोग भएका सवारीसाधन तथा अन्य सामग्री जफत गरी निर्वाचन आयोग ऐन २०७३, निर्वाचन ऐन २०७३ तथा प्रचलित निर्वाचन कानुन बमोजिम कारबाही हुने जनाएको छ । राजनीतिक दल तथा उम्मेदवारले प्रचारप्रसारमा प्रयोग गर्ने सवारी साधनको अनुमति सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट लिनसमेत आग्रह गरिएको छ । प्रतिनिधिसभाका तीन र प्रदेशसभाका छ निर्वाचन क्षेत्र रहेको कास्कीमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन् ।

## समाजवादीका भट्टराईले पारे उम्मेदवारी निष्क्रिय

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २३ कार्तिक**

नेकपा एकिकृत (समाजवादी) का रामचन्द्र भट्टराई (आर सी) ले आफ्नो उम्मेदवारी निष्क्रिय पारेको जनाएका छन् ।

आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा सदस्य चुनावको लागि स्याङ्जा २ (क) बाट उम्मेदवारी दिएका भट्टराईले काँग्रेसका भोजराज अर्याललाई समर्थन गर्दै उम्मेदवारी निष्क्रिय पारेको विज्ञप्ती जारी गर्दै जनाएका हुन् । बामलोकतान्त्रिक गठबन्धन अन्तर्गत नेकपा एकिकृत (सामाजवादी)का लागि सो क्षेत्र परेको थियो तर काँग्रेसका भोजराज अर्यालको समेत सोही क्षेत्रबाट प्रदेश सभा सदस्यका लागि उम्मेदवारी दर्तागरेपछि अन्योलता छाएको थियो । भट्टराईले जारी गरेको विज्ञप्तीमा भनिएको छ, 'मेरो उम्मेदवारी रहेको क्षेत्रका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकहरुको राय र सुझाव एवम् पार्टीका केन्द्रिय अध्यक्षको निर्देशन बमोजिम मेरो उम्मेदवारीलाई आजैका मितिदेखि निष्क्रिय पारेको घोषणा गर्दछु ।'

भट्टराईले जारी गरेको बिज्ञप्तीमा गठबन्धनका तर्फबाट काँग्रेसका उम्मेदवार भोजराज अर्याललाई सहयोग पुग्ने गरी उम्मेदवारी निष्क्रिय पारेको उल्लेख छ । भट्टराईको उम्मेदवारी निस्कृय भएसँगै गठबन्धन अन्तर्गत काँग्रेसका उम्मेदवार अर्याललाई सहज हुने भएको छ । यो क्षेत्रमा नेकपा एकिकृत समाजवादीको राम्रो उपस्थिती रहेको छ । एमालेबाट फुटेर बनेको एकिकृत समाजवादीका जिल्ला अध्यक्ष भट्टराई जिल्लामा कार्यकर्ताको राम्रो पकड बनाउन सफल नेताका रुपमा मानिन्छन् । स्थानीय स्तर सम्म पुगी भट्टराईको सक्रियतामा गरिएको समाजवादीको संगठन बिस्तारका कारण गठबन्धनका उम्मेदवार अर्यालको जितको लागि निक्कै सहज हुने बताईएको छ ।

## कालापानी, लिम्पियाधुरा र लिपुलेकको विषय संसद्ले एकमतले पास गरेको हो : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २३ कार्तिक**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपाली भूमि हो भनेर संसद्ले एक मतले पास गरेको बताउनुभएको छ ।

बुधबार दार्चुलाको गोकुलेश्वरमा सत्ता गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफूले मात्रै पास गरेको जस्तो गरेर झुटा कुरा गरिरहेको आरोप लगाउनुभयो । "कांग्रेस, माओवादी केन्द्रलगायतका सबै दल मिलेर एक आवाजमा संसद्बाट पास भएको हो", प्रधानमन्त्री देउवाले भन्नुभयो, "अहिले ओलीले अरुले केही गरेकै छैन, आफूले मात्रै गरेँ भनेर झुटो कुरा गर्दैछन् ।"उहाँले केही दिनअघि ओली दार्चुला पुगेर गफ लगाएर फर्किएको आरोपसमेत लगाउनुभयो ।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले राष्ट्रलाई कुन दिशामा लैजाने भन्ने निर्णय लिने उहाँको भनाइ थियो ।"अहिले धेरै किसिमका अफवाह फैलाउने काम भइरहेको छ", प्रधानमन्त्री देउवाले भन्नुभयो, "मुलुकलाई समृद्ध बनाउन गठबन्धन दल एकजुट भएर अघि बढेको छ ।" उहाँले केही महिनाअघि दार्चुलामा नेपाल-भारत पक्की पुलको शिलान्यास भएको भन्दै उक्त पुल चाँडै निर्माण सम्पन्न हुने बताउनुभयो । गोकुलेश्वर विमानस्थल सञ्चालनमा ल्याइने भन्दै देउवाले दार्चुलालाई दुई वर्षभित्र अँध्यारोमुक्त जिल्ला बनाइने धारणा राख्नुभयो ।

"दार्चुलालाई तुइनमुक्त क्षेत्र घोषणा गरिनेछ", उहाँले भन्नुभयो, "दार्चुला धेरै सम्भावना रहेको जिल्ला हो, यसको विकासमा हामी लाग्छौँ ।" सोही चुनावीसभालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले नै प्रस्ताव गरेर एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री बनाएको बताउनुभयो ।

उहाँले ओली अब प्रधानमन्त्री बन्ने सम्भावना नरहेकोसमेत ठोकुवा गर्नुभयो । पहिलो पटक संविधान बनाउन सहमत गराउन र दोस्रो पटक वाम एकताको प्रस्तावसहित ओलीलाई प्रधानमन्त्री बनाएको अध्यक्ष प्रचण्डको भनाइ थियो ।

भूमि फिर्ताका विषयमा उहाँले नक्सा मात्रै बनाएर नहुने भन्दै भारतसित कूटनीतिक तवरबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो । "चुनाव आएपछि ओलीले राष्ट्रवादको कुरा गर्दै गोहीका आँसु चुहाउँछन्", उहाँले भन्नुभयो,"प्रतिगमनलाई हराउन गठबन्धन बनाएका हौँ ।" सत्ता गठबन्धनबाट दार्चुलामा प्रतिनिधिसभा सदस्यको उम्मेदवारमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू हुनुहुन्छ । उहाँसँगको प्रतिस्पर्धामा एमालेका नेता एवं पूर्वमन्त्री गणेशसिंह ठगुन्ना रहनुभएको छ ।


**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जापानमा उच्च शिक्षाको अवसरका लागि संवाद

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

पोखरा विश्वविद्यालयले जापानमा उच्च शिक्षाको अवसर सम्बन्धमा नेपाल-जापान शैक्षिक संवाद कार्यक्रम आयोजना गरेको छ।

दी युनिभर्सिटी अफ टोक्योको प्रमुख आयोजना र पोखरा विश्वविद्यालय एवम् मिडिया हेल्पलाइनको सहकार्यमा विश्वविद्यालयको प्राज्ञिक भवन लेखनाथमा आयोजित विद्यार्थीका लागि छात्रवृत्ति, शैक्षिक कार्यक्रम, अध्ययन वातावरण र रोजगारीका विभिन्न विषयमा प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले पोखरा विश्वविद्यालयले बजारको आवश्यकताअनुसार उत्पादन र रोजगारमुखी कार्यक्रम सञ्चालन गरेर देशको सामाजिक एवम् आर्थिक विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको बताउनुभयो । उहाँले शिक्षाको गुणस्तर र नवीनताका लागि विश्वविद्यालयले अनुसन्धानमा जोड दिएको उल्लेख गर्दै विश्वका अन्य मुलुकसँगै जापान शैक्षिक अवसर र रोजगारीका लागि प्रमुख गन्तव्य रहेकाले त्यहाँ शैक्षिक एवम् अनुसन्धानात्मक गतिविधिमा सहकार्य गर्न यस्ता कार्यक्रम उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो।

नेपालका लागि जापानी राजदूत किकुता युताकाले भिडियो सन्देशमार्फत नेपाल र जापानको सम्बन्ध अभिवृद्धि गर्न यस किसिमको कार्यक्रम फलदायी हुने विचार व्यक्त गर्नुभयो । इन्टरनेसनल प्रोजेक्टस प्रमोसन ग्रुप, रिसर्च प्रमोसन डिपार्टमेन्ट, दी युनिभर्सिटी अफ टोक्योका सल्लाहकार काजिहिरो मोरीले पोखरा नेपालको अत्यन्त सुन्दर ठाउँ रहेको उल्लेख गर्दै विद्यार्थीको सुन्दर भविष्यका लागि पोखरा विश्वविद्यालयसँग सहकार्य गर्दै अगाडि बढ्न आफू इच्छुक रहेको बताउनुभयो।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्राध्यापक पवन भट्टराई, रित्सुमेइकान एसियाप्यासिफिक युनिभर्सिटीका पूर्वनेपाली विद्यार्थी राशी महर्जन, नेपालस्थित जापानिज राजदूतावासका द्वितीय सचिव मायुको सातो, ग्लोबल एडमिसन अफिसका राई यिसिडा, टोक्यो युनिभर्सिटी अफ फरिन स्टडिजका साराश्री ढुङ्गाना, टोक्यो युनिभर्सिटी अफ फरिन स्टडिज एडमिसन सेन्टरका मिजुहो युनो, इन्टरनेसनल युनिभर्सिटी अफ जापानका राशी गुप्ता र क्योटो युनिभर्सिटी अफ एडभान्स साइन्सका कियोशी ताकेदाले प्रस्तुतीकरण गर्नुभयो।

उहाँहरूले जापानको विश्वविद्यालय जीवन, अध्ययन अवसर, छात्रवृत्तिलगायत मानविकी तथा सामाजिकशास्त्र, इञ्जिनियरिङ, व्यवस्थापन विषयमा अध्ययन गर्न आवश्यक प्रक्रिया र चाहिने योग्यताका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । सुन्दर र विकसित देशका रूपमा परिचित जापान नेपाली विद्यार्थीका लागि उच्च शिक्षासँगै आर्थिक उपार्जनको प्रमुख गन्तव्य रहेको छ । यहाँ विद्यार्थीलाई आइटी, इन्जिनियरिङ, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिजम लगायतका विषयको माग बढी देखिएको र यी विषय अध्ययन गर्दा स्वदेशमा आएर पनि राम्ररी स्थापित हुन सकिने कार्यक्रममा जोड दिइयो।

कार्यक्रममा दी युनिभर्सिटी अफ टोक्योका डा दीपेश खरेल, जगदीश खरेल, पोखरा विश्वविद्यालय अन्तर ाष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक सहप्राडा उमेशसिंह यादव लगायतले जापानमा उच्च शिक्षा अध्ययनको अवस्था लगायतमा प्रकाश पार्नुभयो।

# उद्योगग्राम स्थापना गरी रोजगारी उपलब्ध गराउँछौँ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता तथा प्रतिनिधिसभा सदस्यको तनहुँ क्षेत्र नं १ का उम्मेदवार रामचन्द्र पौडेलले जिल्लामा उद्योगग्राम र औद्योगिक स्थापना गरेर रोजगारीको व्यवस्था मिलाइने बताउनुभएको छ।

जिल्लाको भानु नगरपालिका-१३ पोखरीछापमा आज आयोजित कार्यक्रममा उहाँले कृषि, पर्यटन र ऊर्जाको विकास गरेर उद्योगग्राम र औद्योगिक क्षेत्रको स्थापना गरी लगानी भित्र्याएर रोजगारी सिर्जना गर्ने आफ्नो योजना रहेको बताउनुभयो । नेता पौडेलले गाउँ-गाउँमा साना-ठूला कृषिजन्य र अन्य उद्योग स्थापना गराई स्वदेशमै रोजगारी, गाउँ-गाउँमा आम्दानीको अवसर सिर्जना गर्न आफ्नो उम्मेदवारी रहेको बताउनुभयो। धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनलाई विशेष प्राथामिकता दिँदै आन्तरिक एवं बाह्य पर्यटक भित्र्याएर पर्यटन क्षेत्रमा फड्को मार्ने योजना अघि बढाइएको उहाँले बताउनुभयो । गठबन्धन मुलुकलाई अग्रगमनतिर लैजान गरिएको बताउँदै उहाँले प्रतिगामीलाई परास्त गर्न, सहिद तथा सपूतको बलिदानी, त्याग र तपस्यालाई साकार बनाउन गठबन्धन गरिएको बताउनुभयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै देशमा सुशासन कायम गर्न गठबन्धन आवश्यकता देखिएकाले गठबन्धन गरी देशलाई निकास दिन सँगसँगै लागेको नेता पौडेलले जोड दिनुभयो।

# 'सुदृढ र समुन्नत समाज निर्माणका लागि उम्मेदवारी'-एमाले नेत्री भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**




नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले समाजका हरेक असमानताको अन्त्य गरि सुदृढ र समुन्नत समाज निर्माणका लागि आफ्नो उम्मेदवारी रहेको बताएकी छन्।

सञ्चारिका समुह गण्डकी प्रदेशको आयोजनामा मंगलवार पोखरामा आयोजित कास्की जिल्लाका महिला उम्मेदवारसँग मंसीर ४ निर्वाचन विशेष अन्तर्गत भोट पहिला,नेतृत्व महिला विषयक अन्तरक्रिया कार्यक्रममा उनले सुदृढ समाज निर्माणमा आवश्यक नीति निर्माण र कार्यान्वयनमा जुट्ने प्रतिवद्धता व्यक्त गरिन् । भोट पहिला नेतृत्वमा महिला भन्ने एक प्रश्नको जवाफमा उनले मुलुकमा सिपमूलक शिक्षाका लागि आवश्यक ऐन निर्माण गर्दै कृषिको आधुनिकीकरणमा जुट्ने विश्वास व्यक्त गर्नुभयो । समृद्धिको अभियानमा महिला सशक्तिकरण र युवालाई स्वदेशमै रोजगारीको लागि उत्पादनमा जोड्नु पर्नेमा जोड दिंदउनले त्यसका लागि तीनै तहका सरकारको समन्वय र सहकार्यको खाँचो औल्याईन् । नेकपा एमालेतर्फबाट क्षेत्र नं. २ (ख) का प्रत्येक्षतर्फका उम्मेदवार मिना गुरुङले समानता, सुशासन र सशक्तिकरणका लागि उम्मेदवार भएको बताईन्। राजनैतिक दलले महिला ३३ प्रतिशत महिलालाई प्रत्यक्ष निर्वाचनमा उम्मेदवार बनाएर संविधानको कार्यान्वयन गर्न महिलाहरु संगठित भएर अघि बढ्नु पर्नेमा जोड दिईन्। नेपाली कांग्रेसको तर्फबाट समानुपातिकाका उम्मेदवार सरस्वती गुरुङले महिलाको हक अधिकार स्थापित गर्न संगठित भएर लाग्नुको विकल्प नभएको उल्लेख गर्दै गठवन्धनको कारण प्रत्येक्षतर्फ महिला उम्मेदवारको संख्यामा कमि भएको विचार व्यक्त गरिन्।

राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट प्रतिनिधि सभामा समानुपाति उम्मेदवार श्रीस गुरुङले पोखराको पर्यटन विकासमा आवश्यक निती निर्माणसंगै पर्यटन र कृषिमा जोड् दिदैं राजगारी सिर्जना गर्नेका लागि आफ्नो उम्मेदवारी भएको धारणा राखिन्।

नेकपा एमालेको तर्फवाट प्रदेश सभा सदस्यका समानुपातिक उम्मेदवार तथा बरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. छममाया पुनले स्वास्थ्य क्षेत्रको सुधारका साथै महिला स्वास्थ्यमा ध्यानमा बिशेष ध्यान दिने प्रतिवद्धता व्यक्त गरिन् । समुहकी प्रदेश अध्यक्ष कविता श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस प्रदेशका समानुपातिक उम्मेदवार लक्ष्मी पाण्डे, समानुपातिक उम्मेदवार जैनुम खातुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कृष्ण गुरुङ, राममाया बस्ताकोटि लगायतका महिला उम्मेदवार हरुले महिला नेतृत्व निर्माणसंगै पार्टीमा हस्तक्षपकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औल्याएका थिए । प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारीले अवधारणा पत्र प्रस्तुत गरेको कार्यक्रममा कोपिला नेपालीकी विना सिलवाल, सञ्चारिका समुहकी पूर्व अध्यक्ष निर्मला शर्मा लगायतले महिला केन्द्रीत निर्वाचन क्षेत्रको व्यवस्था हुनुपर्नेमा जोड दिएका थिए।




# स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउँछौँ : आयुक्त डा तुलाधार

**पोखरापत्र संवाददाता**
**दमौली, २३ कार्तिक**

निर्वाचन आयोगका आयुक्त डा जानकीकुमारी तुलाधारले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न आयोग प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल कानुन समाजको आयोजनामा बुधबार दमौलीमा आयोजना निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरुको भूमिका विषयक अन्तर्क्रियामा बोल्दै आयुक्त तुलाधारले लोकतन्त्रमा आवधिक निर्वाचन महत्वपूर्ण आधारस्तम्भ भएको उल्लेख गर्नुभयो।

सबैसँगको सहकार्य र समन्वयबाट निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न आयोग कटिबद्ध भएर लागेको आयुक्त तुलाधारको भनाइ थियो । तुलाधारले आचारसंहिता पालनाले मात्र विश्वसनीय निर्वाचन सम्पन्न हुने भएकाले आचारसंहिताको पूर्णपालना गर्न आग्रह गर्नुभयो । "आचारसंहिताले स्वअनुशासनमा बस्न प्रेरित गर्छ, यो नैतिक बन्धन हो", तुलाधारले भन्नुभयो, "आचारसंहिता सबैलाई समानरूपमा लागू हुन्छ।"

आचारसंहिता उल्लङ्घनका विषयमा आयोग कडारूपमा प्रस्तुत हुने बताउँदै आयुक्त तुलाधारले आचारसंहिता उल्लङ्घन गर्ने सबैलाई कारबाही गरिने प्रष्ट पार्नुभयो । "आचारसंहिताको परिधिमा रहेर दलले प्रचार-प्रसार गर्नुहोस्, प्रचार-प्रसारमा कसैलाई नहोच्याउनुहोस्, दुष्प्रचार नगर्नुहोस्", उहाँले भन्नुभयो । स्वअनुशासनमा बसेर आचारसंहितामा नचुक्न आग्रह गर्दै तुलाधारले दायित्व पालना गर्न सम्झाउनुभयो।

आयुक्त तुलाधारले मितव्ययी हिसाबले निर्वाचन सम्पन्न गराउने तयारी गरिएको बताउँदै निर्वाचन खर्च परिमार्जन गरिएको उल्लेख गर्नुभयो। निर्वाचन खर्चका सन्दर्भमा आयोगले तोकेको मापदण्डबमोजिम तथ्याङ्क राख्न आग्रह गर्दै तुलाधारले भन्नुभयो, "यस विषयमा आयोगले सुक्ष्मरूपमा अध्ययन गरिरहेको छ।"

संविधान र कानुनबमोजिम आयोग आफ्नो कर्तव्य पालनामा प्रतिबद्ध रहेको बताउँदै तुलाधारले आयोगको काममा सरोकारवाला निकायको सहयोगको अपेक्षा गरिएको बताउनुभयो। "स्थानीय तह निर्वाचनमा सरोकारवालाको भूमिकाले शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न गर्न सफल भयौँ, मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पनि उत्तिकै सहयोगको अपेक्षा आयोगको छ", उहाँले थप्नुभयो।

मतदातालाई सचेत बनाउन तल्लो तहसम्म मतदाता शिक्षा सञ्चालन गरिएको र त्यसका लागि दल तथा उम्मेदवारहरूले सहयोग पुऱ्याउनुपर्ने उहाँको भनाइ थियो।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

सम्पादकीय

# बैंकको ब्याजदर विरुद्ध प्रदर्शन

बैंकको चर्को ब्याजरदरविरुद्ध देशभरका उद्योगी व्यवसायीले सडकमा प्रदर्शन गरेका छन् । मनोमानी रुपमा बैंकले चर्को ब्याजरदर बढाएको गुनासो गर्दै चुनावको मुखमा ठूला शहरका उद्योगी व्यावसायी सडक संघर्षमा उत्रिएका छन । आन्दोलनमा उत्रिएका उद्योगी व्यवसायीले तत्काल बढेको ब्याजदर फिर्ता गर्न माग गरेका छन । बैंकहरुले लिने चर्को ब्याजदर र प्रतिकूल बैंकिङ नीतिले उद्योग, व्यवसाय धारासायी बनेको उनीहरुको भनाइ छ । चर्को ब्याजदरबारे सरकारको ध्याकर्षण गराउन प्रदर्शन गरिएको उद्योगी व्यापारीका नेताहरूको भनाइ छ । प्रदर्शनमा उद्योगी व्यापारीसँगै सर्वसाधारण पनि सहभागी थिए । बैंकले व्याज बढाउँदा सरकारले चासो नदिनु विडम्बना हो ।

नेपाल उद्योग वाणिज्य महासंघले देशका विभिन्न स्थानमा भइरहेको बैंकविरुद्धको आन्दोलन रोक्न आह्वान गरेको छ । देशभरका जिल्ला/नगर उद्योग वाणिज्य संघ तथा वस्तुगत संघहरुले विभिन्न माग राख्दै बैंकविरुद्ध आन्दोलन गरिरहेका छन् । यी मागमा ऐक्यबद्धता जनाउँदै महासंघले निर्वाचनसम्म सबै आन्दोलनका कार्यक्रम रोक्न आह्वान गरेको हो । तरलता अभावका कारण निरन्तर बढिरहेको कर्जाको ब्याजदर स्थायित्व र चालु पूँजी कर्जा मार्गदर्शन स्थगित गर्न नेपाल उद्योग वाणिज्य महासंघले नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक समक्ष माग गरेको छ । बजारको न्यून मागका कारण व्यापार-व्यवसाय प्रभावित भइरहेका बेला बढेको ब्याजदर र यही कात्तिकदेखि केन्द्रीय बैंकले लागु गरेको मार्गदर्शनका कारण निजी क्षेत्र मर्माहत भएको समेत महासंघको भनाइ छ ।

तरलता व्यवस्थापन, ब्याजदर स्थायित्व र चालु पूँजी कर्जा मार्गदर्शन स्थगनका लागि महासंघका सदस्य जिल्ला/नगर उद्योग वाणिज्य संघहरु एवं वस्तुगत संघहरूले राखेका मागप्रति महासंघ ऐक्यबद्धता पनि जाहेर गरेको समेत महासंघले जनाएको छ । आगामी ४ मंसिरमा प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचन हुन गइरहेको र लोकतान्त्रिक व्यवस्था एवम् खुला बजार अर्थतन्त्रका लागि निर्वाचन महत्वपूर्ण रहेको कारण हाल सञ्चालित विरोधका कार्यक्रम स्थगित गर्न महासंघ सम्पूर्ण प्रदेश च्याप्टर र सदस्य संस्थाहरूलाई आग्रह गरेको छ ।

निर्वाचन सफल पार्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउन पनि महासंघले आग्रह गरेको छ । निर्वाचनको मुखमा आचारसंहिताको कारण कुनै निर्णय हुने अवस्था छैन । निर्वाचन पछि आउने सरकारले मात्र निर्णय लिन सक्छ। गठबन्धन सरकारले हरेक क्षेत्रलाई डावाडोल पारेको छ । जनताप्रति उत्तरदायी नबन्ने सरकारले कुनै निर्णयमा जोखिम लिन सक्दैन । यही बीचमा ‘वार्ता एवं सम्वादका माध्यमबाट निजी क्षेत्रले उठाएका समस्या समाधान हुनुपर्छ ।’ निर्वाचन पछि सरोकारवाला पक्ष बसेर निकास खोज्ने काम गर्नु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# काफ्लेलाई काँग्रेसको कार्यवहाक सभापतिको जिम्मेवारी

पोखरापत्र संवाददाता
वालिङ, २३ कार्तिक

नेपाली काँग्रेस स्याङ्जाको कार्यबहाक सभापतिको जिम्मेवारी केदार काफ्लेलाई दिएको छ ।

स्याङ्जाका सभापति तथा क्षेत्र नम्वर १ का प्रतिनिधिसभा उम्मेदवार राजु थापाले नेपाली काँग्रेस स्याङ्जाका उपसभापति काफ्लेलाई कार्यबहाक सभापतिको जिम्मेवारी दिएका हुन् । सभापति थापा स्याङ्जा क्षेत्र नम्वर १ को प्रतिनिधिसभा उम्मेदवार भएपछि पार्टीलाई चलायमान बनाउन काफ्लेलाई कार्यबहाकको जिम्मेवारी दिइएको हो ।

सभापति थापाले काफ्लेलाई नेपाली काँग्रेसको विधान धारा १२ को उपधारा ७ (ट) ले दिएको अधिकार प्रयोग गरी नेपाली काँग्रेस जिल्ला कार्यसमितिको कार्यबहाक सभापतिको जिम्मेवारी दिएको जानकारी दिएका छन् । कार्त्तिक १४ गतेदेखी लागु हुनेगरी सभापति थापाले काफ्लेलाई नेपाली काँग्रेसको विधानको अधिनमा रही पाटीको हितमा कार्य गर्ने विश्वास लिएको समेत उनले जनाएका छन् ।

नेपाली काँग्रेस जिल्ला कार्यसमिति स्याङ्जाका उपसभापति समेत रहेका काफ्ललेको पार्टीमा छुट्टैखाले पहिचान रहेको छ । उनको कार्यदक्षता, पार्टीप्रतिको मेहनत, पाटीमा रहेर लामो समय काम गरेको अनुभव छ । तिन निर्वाचन क्षेत्र रहदा स्याङ्जा क्षेत्र नम्वर २ को क्षेत्रीय सभापति रहेर काम गरेका काफ्ले सफल क्षेत्रीय सभापतिमा पहिचान बनाएका थिए ।

यसैगरी नेपाली काँग्रेस स्याङ्जाले मंसिर ४ गतेको निर्वाचनका लागि काँग्रेस सहित गठबन्धनका उम्मेदवारहरुलाई विजयी गराउन समितिहरु गठन गरेको छ । जिल्ला स्तरीय अनुगमन समितिको संयोजकमा कार्यबहाक सभापति केदार काफ्ले, चुनाव प्रचार प्रसार समितिको संयोजकमा सचिव दामोदर लम्साल, सुचना तथा सञ्चारमा पार्टीका प्रवक्ता भरतराज लम्साल, सुचना तथा प्रविधि समितिको संयोजकमा त्रिभुवन विश्वविद्यालय प्रजातन्त्रवादी कर्मचारी संघका अध्यक्ष फणिन्द्र पौडेल रहेका छन् । क्षेत्र, प्रदेश, पालिका र वडास्तरमा बिशेष समिति समिति अगाडी बढाउने गरी समिति गठन हुने नेपाली काँग्रेस स्याङ्जाले जनाएको छ ।

# अन्नपूर्ण गाउँपालिकामा वर्षेनी पर्यटनमैत्री कार्यक्रमहरु ल्याउने एमाले उम्मेदवारहरुको वचन

पोखरापत्र संवाददाता
पोखरा, २३ कार्तिक



पर्यटकीय क्षेत्रको रुपमा रहेको अन्नपूर्ण गाउँपालिकामा वर्षेनी पर्यटनमैत्री कार्यक्रमहरु ल्याउने एमाले उम्मेदवारद्धय दामोदर पौडेल बैरागी र राजीव पहारीले अन्नपूर्णवासीलाई वचन दिएका छन् ।

उनीहरुले पर्यटनको लागि मात्र वर्षेनी लाखौं रुपैयाँ वजेट विनियोजन गर्ने प्रतिवद्धता जनाए ।

कास्की ३ का प्रतिनिधि सभा सदस्य उम्मेदवार दामोदर पौडेल बैरागी र ३ ख का प्रदेश सभा सदस्य उम्मेदवार राजीव पहारीले बुधवार अन्नपूर्ण गाउँपालिकाका स्थानीयहरुसँगको भेटघाटमा यस्तो प्रतिवद्धता जनाएका हुन् ।

यसअघि स्थानीयले अन्नपूर्ण गाउँपालिका पर्यटकिय स्थल भएकाले सो क्षेत्रमा पर्यटनमैत्री कार्यक्रमहरु ल्याउन एमाले उम्मेदवारद्वयसँग माग राखेका थिए ।

मंसिर ४ को निर्वाचन मिति नजिकिँदै गर्दा नेकपा एमाले कास्की क्षेत्र नम्वर ३ का उम्मेदवारद्धय पौडेल र पहारी घान्द्रुक, छोम्रोङ, दाङसिङ, सावेत, उल्लेरी लगायतका स्थानहरुमा पुगेर त्यहाँका जनताहरुको आर्शिवाद लिएका थिए ।

सो क्रममा त्यस क्षेत्रका जनताहरुले एमाले पार्टी जनताको सुखदुःखको साथी भएको बताउँदै विकासको लहर ल्याउन एमाले उम्मेदवारहरुलाई विजयी गराउने उद्घोष गरे । निवर्तमान सांसद पहारीको कार्यकालमा नयाँपुल-घान्द्रुक पिच, विभिन्न ठाउँमा मोटरेबल बाटाघाटा खुलेका र ति बाटोहरुको स्तरोन्नतीका लागि फेरी एमालेलाई जिताउने स्थानीयको प्रतिवद्धता छ ।

प्रदेश सभा उम्मेदवार पहारीले विभिन्न समुह, संघसंस्था लगातयसँग सहकार्य गर्दै सामुदायिक भवन, मठमन्दिर निर्माण कार्य लगायतमा सहयोग गरेको भन्दै योजना अन्तर्गत बाँकी रहेका अन्य थुप्रै काम सम्पन्न गर्न पनि एमाले उम्मेदवार विजयी हुनुपर्नेमा उनीहरुको जोड छ ।

प्रतिनिधि सभा सदस्यका उम्मेदवार दामोदर पौडेलले अन्नपूर्ण गाउँपालिकामा प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण गर्दै कृषि र पर्यटनको समानान्तर विकासबाट नै सो क्षेत्रको मुहार फेर्ने प्रतिवद्धता जनाए ।

# ‘उचाई’ प्रदर्शन हुँदै

रासस
काठमाडौं, २३ कार्तिक

गत वर्ष कोरोना भाइरसको महामारी र ओभर दी टप (ओटिटी) को बढ्दो प्रयोगले पुनः दर्शक हलमा फर्किने हुन् वा होइनन् भन्ने बहसकै बीच नेपालमा छायाङ्कन हुन् आएको भारतीय फिल्म ‘उचाई’ ले नेपाली पर्यटनलाई प्रवर्द्धधनमा सहयोग गर्ने भएको छ । अमिताभ बच्चन, अनुपम खेर, बोमन इरानी र डेनी डेन्जोङ्पा, परीनिती चोपडा, नीना गुप्ता, सारिका हसन जस्ता दिग्गज कलाकारहरूको अभिनय रहेको फिल्म ‘उचाई’ आउँदो शुक्रबारदेखि प्रदर्शन हुँदैछ ।

नेपालकै पात्रलाई मूलकथा बनाइएको फिल्म छायाङ्कन गर्न दुई सयको हाराहारीमा प्राविधिक भारतबाट आएका थिए । त्यसमा नेपाली प्राविधिक तथा कलाकारले समेत सहभागी भएर काम गरे । बलिउडमा स्थापनाको ७५औं वर्ष पूरा गरेको राजश्री प्रोडक्सनको निर्माण रहेको फिल्मलाई सुरज बडजात्याले निर्देशन गर्नुभएको छ । नेपालमा स्वयम्भू, काठमाडौं विमानस्थल, लुक्ला, नाम्चे, मनाङमा झन्डै एक महिना छायाङ्कन भएको थियो ।

# पर्यटकको रोजाइ बन्दै अक्टोपस र बुङ झरना

रासस
लमजुङ, २३ कार्तिक



बैंसीसहर-चामे सडकमै सङ्लो पानी झर्‌झर् गर्दै झरिरहेको छहरा छ । एक सय मिटरभन्दा बढी उचाइबाट झरेको पानी सडकमै खस्छ । छहरामा लहराउँदै झरेको पानीमा सूर्यको प्रकाशसँगै देखिने इन्द्रेणीले झनै सुन्दरता थपिदिन्छ । मर्स्याङ्दी गाउँपालिका-४ च्याम्चेमा रहेको त्यही सुन्दर अत्यन्त मनमोहक अक्टोपसको खुट्टा झैं झरेको अक्टोपस झरना पनि हो ।

वर्षायामका कारण सुनसान रहेको विश्व चर्चित चक्रिय अन्नपूर्ण पदमार्गमा पर्ने यस झरनामा यतिबेला पर्यटकको भीडभाड हुन थालेको छ । यहाँ यतिबेला दैनिक सयदेखि दुई सयजनासम्म आन्तरिक तथा विदेशी पर्यटक आउन थालेको गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, “पदमार्गमा आउने पर्यटकको सङ्ख्या वृद्धि भएसँगै झरनामा आउने पर्यटक आगमनमा पनि वृद्धि हुन थालेको छ ।” यतिबेला चुनावले अधिकांशको ध्यान केन्द्रित गरिरहे पनि पर्यटकलाई भने सो लगायतका झरनाले ध्यान केन्द्रित गर्दै लोभ्याइरहेको उहाँको भनाइ छ । सवारीसाधनमा मनाङ गएका पर्यटकसमेत त्यहाँ पुगेपछि एकै छिन भए पनि सवारी रोकेर झरनामा रमाउने गर्दछन् । छहराले त्यहाँ पुग्ने जो कसैलाई सहजै लोभ्याउँछ । छहरा हेर्दै फुरुङ्ग बनेका पर्यटक कोही धमाधम छहराको फोटो खिच्छन्, त कोही छहरालाई पृष्ठभूमिमा पारेर आफ्नै फोटो र सेल्फी खिच्छन् । पहिलोदेखि तेस्रो लहरको कोरोना सङ्क्रमणका कारण लामो समय सुनसान भएर उक्त सङ्क्रमण जोखिम कम भएसँगै दैनिक पर्यटकको सङ्ख्या बढ्न थालेको छ । यस झरनामा विशेषगरी अन्नपूर्ण पदमार्गमा आउने बाह्य पर्यटक तथा मनाङ घुम्न जाने आन्तरिक पर्यटक झरनामा आउने गरेको स्थानीय सरोज विश्वकर्माले बताउनुभयो ।

उहाँ मात्र नभई उक्त झरनामा पुग्ने अधिकांश पर्यटकको भनाइ उस्तै हुन्छ । यो झरना बैंसीसहर-चामे सडकको बीच भागमै झर्ने भएकाले सवारी मोटरसाइकलमा जाने यात्रु तथा पर्यटकलाई त रुझाउने गर्दछ । यो झरनाको तस्बिर खिचेर सामाजिक सञ्जालमा अधिकांश पर्यटकले हाल्ने गरेको स्थानीयको भनाइ छ । केही समयसम्म सवारीसाधनमा मनाङ आवतजावत गर्नेमध्ये केही यात्रु दैनिक १०/१२ जना मात्र झरनामा रमाउने गरे पनि यतिबेला पर्यटक ह्वात्तै बढेको स्थानीयको भनाइ छ । यसरी पर्यटक आगमन हुँदा पर्यटन व्यवसायसमेत फस्टाउने यहाँका पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, “पर्यटक लोभ्याउने यस्ता झरनाको थप प्रचारप्रसारका साथै व्यवस्थित गर्न सके बाह्रै महिना पर्यटकको आगमन हुने र व्यवसायसमेत राम्रो चल्नेछ ।

त्यस्तै अन्नपूर्ण पदमार्ग नजिकै पर्ने सोही वडास्थित बुङ झरनामा समेत यतिबेला पर्यटकमा वृद्धि हुन थालेको छ । केही समयसम्म सुनसान रहेको यस झरनामा यतिबेला ८० देखि एक सयजनासम्म दैनिक पर्यटक आउने गरेका बताइन्छ । सदरमुकाम बैंसीसहरबाट ३२ किलोमिटर दूरीमा पर्ने यस छहराले पर्यटकको मन तान्न थालेको छ । तारे भिरमा छङछङ गर्दै झरेको छहरालाई पृष्ठभूमि पार्दै तस्बिर लिने, सेल्फी खिच्नेको भीडभाड हुनेगरेको स्थानीय पूर्णबहादुर गुरुङको भनाइ छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ बाटुलेचौरमा वडाको पोल पोलमा बक्ति जडान गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः वडाको पोल पोलमा बत्ति जडान कार्य**
**स्थानः पोखरा–१६, बाटुलेचौर, लामाचौर**
**योजना सम्झौता मिति : २०७९ असोज ९ गते**
**योजना सुरु भएको मिति : २०७९ असोज ९ गते**
**योजना सम्पन्न मितिः २०७९ कार्तिक १६ गते**
**पोखरा महानगरपालिका वडा–१६ कार्यालयबाट : रु. ८,००,००० ।–**
**जन सहभागितावाट : रु.१,०५,८१५ ।–**
**समान खरिदः ६,२५,७८०।–**
**डोर हाजिरः २८००३५।–**
**उपभोक्ता समिति अध्यक्षः यम प्रसाद भट्टराई**
**सचिवः सुरेन्द्र थापा**
**जम्मा सदस्य संख्याः ९ जना, महिलाः ३ जना**
**अनुगमन समिति संयोजकः मोहन थापा**
**सदस्यः पुष्पराज अधिकारी, सदस्यः कमल शर्मा तिमिल्सिना**

**पोखरा महानगरपालिका वडा कार्यालय,**
**पोखरा-१६, बाटुलेचौर**


# पोखराका प्राचिन मौलिक घरहरुको संरक्षण गर्छौं: उमेदवार बराल र भण्डारी

पोखरापत्र संवाददाता
पोखरा, २३ कार्तिक

पाँच दलीय गठबन्धनका साझा उमेदवार कास्की निर्वाचन क्षेत्र नम्बर ३ प्रतिनिधि सभाका प्रत्यासी रामजी प्रसाद बराल जीवन र गण्डकी प्रदेश सभा सदस्यका उमेदवार दुर्गादत्त भण्डारीले पोखराका प्राचिन मौलिक घरहरुको संरक्षण गर्ने बताएका छन् ।

चुनावको प्रचार अभियान अन्तर्गत बुधबार पोखरा २ स्थित विन्ध्यवासिनी, मोहोरीयाटोल, नालाकोमुख लगायतको क्षेत्रमा घर दैलो कार्यक्रममा सहभागि हुदै उमेदवार बराल र भण्डारीले पोखराको प्राचिन (पुरानो) घरहरु पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण भएकोले त्यसको संरक्षण गर्ने बताएका हुन् । पोखराको पुरानो बस्तीको रुपमा रहेको विन्ध्यवासिनी, मोहोरीयाटोल, नालाकोमुख क्षेत्रको सडक समेत स्तरोउन्नती गर्न स्थानियले उमेदवार समक्ष माग गरे । स्थानियको सहकार्यमा पोखराको सांस्कृतिक पर्यटन प्रबर्द्धन गर्न आफुहरु कटिवद्ध भएको उमेदवारहरुले बताए ।

मुलुकमा राजनीतिक स्थायित्व विना आर्थिक विकास र समृद्धि नहुने उमेदवार बरालले बताए । संविधान रक्षाको लागि हाल पाँच दलीय गठबन्धन आवश्यक भएको हौचित्य जनता सामु प्रष्ट पार्दै उनले देशमा आर्थिक विकास र समृद्धिको लागि पाँच दलीय गठबन्धनका उमेदवारहरुलाई जिताउन आवश्यक भएको उमेदवार बराललले जनाए । प्रदेश सभाका उमेदवार भण्डारीले प्रतिगमन र अग्रगमन बिरुद्धको निर्वाचन भएकोले गठबन्धनको जित आवश्यक भएको बताए । यसपालीको निर्वाचनमा अग्रगमनको जित भए देशमा संविधानको रक्षा सहित शान्ति र समृद्धि हुने उनको भनाई छ । उमेदवार बराल र भण्डारीले नेपाली कागेंसका लौह पुरुष गणेशमान सिंहको शालिकमा माल्यारोपण समेत गरेका थिए । घर दैलो कार्यक्रममा नेपाली काग्रेंसकी नेतृ शारदा पौडेल लगायतका नेता तथा कार्यकर्याको सहभागिता रहेको थियो । पोखरा २ र पोखरा ३ क्षेत्रमा बुधबार घरदैलो कार्यक्रम भएको थियो ।

यसैबिच, पाँच दलीय गठबन्धन पोखरा ३ को सम्पर्क कार्यालयको उमेदवार बराललले उद्घाटन गरेको नेपाली कागेंस वडा इकाई समिति ३ का उपसभापति मनोज शिल्पकारले बताए ।

